ISSN: 3021-9353 Online

# सञ्चय कोष

ई–न्यूजलेटर

(कर्मचारी सञ्चय कोषको त्रैमासिक प्रकाशन)

वर्ष १४ | अङ्क ५५ | २०८२ माघ-चैत्र

## कोष र कोशी प्रदेशबीच योगदानमा आधारित निवृत्तभरण व्यवस्थापन गर्ने सम्झौता




कोशी प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीका लागि योगदानमूलक निवृत्तिभरण र उपदान रकम कर्मचारी सञ्चय कोषमा जम्मा गर्न मिति २०८२/१०/११ मा सम्झौता भएको छ ।

उक्त सम्झौतामा कोशी प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव कोशहरि निरौला र कर्मचारी सञ्चय कोषका प्रशासक जितेन्द्र धितालले हस्ताक्षर गर्नुभएको छ । सम्झौता अनुसार २०७६ साउन १ गतेपछि नियुक्त भएका प्रदेश सरकार र स्थानीय तहका कर्मचारीका लागि योगदानमा आधारित निवृत्तभरण प्रणाली लागु हुनेछ ।

कोशी प्रदेश सरकारको योगदानमूलक निवृतभरण कोष (स्थापना तथा सञ्चालन) ऐन, २०८२ बमोजिम प्रदेशका कर्मचारीहरूको तलबबाट ६ प्रतिशत कट्टी हुने गरी सोही बराबर रकम कर्मचारी कार्यरत निकायले थप गर्ने रकमलाई कोषले योगदानकर्ताको व्यक्तिगत निवृत्तभरण खाता मार्फत व्यवस्थापन गर्नेछ । प्रदेशका कर्मचारीलाई आजिवन निवृतभरण उपलब्ध गराउनका लागि आवश्यक पर्ने रकम र विमाङ्कीय मूल्याङ्कनबाट थप गर्नुपर्ने दायित्व प्रदेश सरकारका कर्मचारीहरुको कर्मचारी सेवा शर्त सम्बन्धी कानुनमा उल्लेख भए बमोजिम हुनेगरी उपरोक्त सम्झौता सम्पन्न गरिएको छ ।कोशी प्रदेशबाट सुरु भएको यो सुरुवातले अन्य प्रदेशहरूलाई पनि कोषको योगदानमा आधारित निवृतभरण प्रणालीमा जोडिनको लागि मार्गदर्शन गरेको छ ।

राज्यकोषमाथि परम्परागत पेन्सन प्रणालीले पारेको आर्थिक भारलाई कम गर्न सरकारले ल्याएको योगदानमूलक निवृत्तभरण ऐन, २०७५ लाई कार्यान्वयन गर्न नेपाल सरकारले सुम्पेको मुख्य जिम्मेवारी निर्वाह गर्ने अर्को कडीको रुपमा समेत यो सम्झौता रहने छ । साथै नेपालको सामाजिक सुरक्षा क्षेत्रमा छ दशकभन्दा लामो अनुभव बोकेको कर्मचारी सञ्चय कोषको सेवा विस्तार र पहुँचलाई प्रदेश र स्थानीय तहसम्म पुर्‍याउने रणनीतिक लक्ष्यलाई साकार पारेको छ।

कर्मचारी सञ्चय कोष र कोशी प्रदेशबीचको यो सम्झौता प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीहरूको सुरक्षित भविष्यको सुनिश्चितता हो। कोषले सामाजिक सुरक्षाको क्षेत्रमा तुलनात्मक रुपमा सञ्चयकर्ता तथा योगदानकर्तालाई बढी प्रतिफल तथा सामाजिक सुरक्षण सुविधाहरु प्रदान गर्दै आइरहेको छ । पछिल्लो समयमा कोषले प्रविधिको उच्चतम प्रयोग गरी प्रभावकारी सेवा प्रवाह, सामाजिक सुरक्षा सुविधाको विस्तार साथै सञ्चयकर्ताको दायरामा समेत वृद्धि गर्दै लगेको छ ।आधुनिक प्रविधि र पारदर्शी व्यवस्थापनको माध्यमबाट आगामी दिनमा आफ्ना सेवाग्राहीलाई अझ गुणस्तरीय र झन्झटमुक्त सेवा प्रदान गर्न कोष प्रतिवद्ध रहेको छ ।

## कोषको मुनाफा रकम वितरण

कर्मचारी सञ्चय कोषले गत आर्थिक वर्ष २०८१/८२ मा आर्जन गरेको कुल मुनाफामध्ये ५ अर्ब ३० करोड रुपैयाँ सञ्चयकर्ता तथा योगदानकर्तालाई वितरण गरेको छ। सञ्चयकर्ताको खातामा करिब ५ अर्ब १९ करोड रुपैयाँ र योगदानमा आधारित निवृत्तभरण कोषका योगदानकर्ताको खातामा करीब १० करोड ५५ लाख रुपैयाँ मुनाफा जम्मा गरिएको हो।

कोष सञ्चालक समितिको २०८२ फागुन २७ गते बसेको बैठकले आर्थिक वर्ष २०८१/८२ को वित्तीय विवरण स्वीकृत गर्दै सञ्चयकर्ता तथा योगदानकर्ताको व्यक्तिगत खातामा रहेको सुरु मौज्दात रकममा १ प्रतिशतका दरले मुनाफा वितरण गर्ने निर्णय गरेको थियो। सोही निर्णयअनुसार मुनाफा रकम सम्बन्धित सञ्चयकर्ता तथा योगदानकर्ताको खातामा जम्मा गरिएको हो।

# कर्मचारी सञ्चय कोष र राष्ट्रिय परिचयपत्र विभागबीच डिजिटल सेवा विस्तारका लागि सम्झौता



कर्मचारी सञ्चय कोष र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबीच राष्ट्रिय परिचय व्यवस्थापन प्रणालीको विद्युतीय सेवा (E–Service) प्रयोग गर्ने सम्बन्धी सम्झौता भएको छ। कर्मचारी सञ्चय कोषको सेवा प्रवाहलाई थप सरल, सहज, प्रभावकारी र प्रविधिमैत्री बनाउने उद्देश्यले कोष र विभागबीच मिति २०८२/१२/१२ गतेका दिन सम्झौता भएको हो ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक नमराज घिमिरे र कर्मचारी सञ्चय कोषका प्रशासक जितेन्द्र धितालले सो सम्झौतापत्रमा हस्ताक्षर गर्नु भएको हो ।

सम्झौताबाट कोषमा आबद्ध हुने र आबद्ध भइसकेका सञ्चयकर्ताहरूलाई नयाँ परिचयपत्र जारी गर्दा पहिचानको प्रमाणीकरण राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीमार्फत हुने सुनिश्चित भएको छ। यसबाट प्रमाणीकरण पहिचानका लागि सञ्चयकर्ताहरू कोषमा भौतिकरूपमा उपस्थित हुनुपर्ने झन्झट समेत अन्त्य भएको छ ।

सम्झौता कार्यक्रममा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक नमराज घिमिरेले कर्मचारी सञ्चय कोषसँगको सम्झौताबाट आधुनिक प्रविधिको उपयोगमार्फत सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउन, नागरिकमैत्री शासन प्रणाली निर्माणमा योगदान पुऱ्याउन र डिजिटल नेपाल अभियानमा टेवा पुऱ्याउन योगदान पुग्ने विश्वास व्यक्त गर्नु भयो ।

कोषका प्रशासक जितेन्द्र धितालले सूचना प्रणालीको एकीकरणबाट सरकारी तथा सार्वजनिक क्षेत्रका निकायहरूबीच समन्वय तथा साझेदारी बढाउन, सेवा प्रवाहमा दोहोरोपना हटाउन र दीर्घकालीन रूपमा कोषको लागत घटाउन तथा कार्यक्षमता बढाउन सहयोग पुग्ने बताउनुभयो ।

# सामाजिक सुरक्षामा ५४ करोड २० लाख रुपैंयाभन्दा बढी रकम वितरण



आर्थिक वर्ष २०८२/८३ को तेस्रो त्रैमाससम्म कोषले सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत १८ हजार ७२५ सञ्चयकर्तालाई ५४ करोड २० लाख रुपैयाँभन्दा बढी रकम वितरण गरेको छ।

सामाजिक सुरक्षा तथा निवृत्तभरण व्यवस्थापन विभागका अनुसार स्वास्थ्योपचार सुविधाअन्तर्गत साधारण रोगका लागि ३ हजार ३३१ सञ्चयकर्तालाई ११ करोड ९९ लाख रुपैयाँ प्रदान गरिएको छ भने घातक रोगको उपचारका लागि १ हजार ७१ जनालाई १४ करोड ६१ लाख रुपैयाँभन्दा बढी रकम उपलब्ध गराइएको छ।

त्यसैगरी, सुत्केरी तथा शिशु स्याहार सुविधाअन्तर्गत १३ हजार ८६८ जनाले २२ करोड ९३ लाख रुपैयाँ प्राप्त गरेका छन्। काजक्रिया अनुदान योजनामार्फत ४०२ जना सञ्चयकर्ताका आश्रित परिवारलाई ३ करोड ९८ लाख रुपैयाँ वितरण गरिएको छ। यस्तै, दुर्घटना क्षतिपूर्ति सुविधाअन्तर्गत ५५ जनालाई ७६ लाख रुपैयाँ प्रदान गरिएको विभागले जनाएको छ।

कोषले सामाजिक सुरक्षा कार्यक्रममार्फत विभिन्न शीर्षकमा उल्लेख्य रकम वितरण गर्दै सञ्चयकर्ताको स्वास्थ्य, सुरक्षा र सामाजिक संरक्षणमा योगदान पुऱ्याउदै अएको छ।

## त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालयसँग कोषको ई-पहुँच

कर्मचारी सञ्चय कोष र त्रिभुवन विश्वविद्यालयबीच इ—लाइब्रेरी पहुँचसम्बन्धी सहमति भएको छ। उक्त सहमतिअनुसार २०८३ बैशाख महिनादेखि कोषका कर्मचारीहरूले त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालयमा औपचारिक रूपमा पहुँच प्राप्त गरेका छन् ।

यस व्यवस्थासँगै कोषका कर्मचारीहरूले शैक्षिक तथा अनुसन्धानमूलक सामग्रीहरू अनलाइन माध्यमबाट सहज रूपमा उपयोग गर्न सक्ने भएका छन् । इ—लाइब्रेरी पहुँचले ज्ञान अभिवृद्धि, अध्ययन—अनुसन्धान र व्यावसायिक क्षमतामा सकारात्मक योगदान पुर्‍याउने अपेक्षा गरिएको छ ।

कोषका अनुसार यो सहकार्यले कर्मचारीहरूको बौद्धिक विकासलाई प्रोत्साहन गर्नुका साथै आधुनिक सूचना प्रविधिमार्फत अध्ययन संस्कृतिलाई प्रवर्द्धन गर्ने लक्ष्य राखिएको छ ।

## सञ्चयकर्ता सन्तुष्टि सर्वेक्षण सम्पन्न

कर्मचारी सञ्चय कोषको योजना अनुगमन तथा जोखिम व्यवस्थापन विभागले सञ्चयकर्ता सन्तुष्टि सर्वेक्षण सम्पन्न गरी मिति २०८२/१२/१३ गते प्रतिवेदन प्रशासकसमक्ष पेस गरेको छ। विभागले यसअघि मिति २०८२/११/२७ गते पुल्चोकस्थित कोषको तालिम हलमा सर्वेक्षणको नतिजा सार्वजनिक गर्दै ज्ञान आदान—प्रदान कार्यक्रमसमेत आयोजना गरेको थियो।

उक्त सर्वेक्षण मिति २०८२ मङ्सिर १५ देखि पुस १५ सम्म अनलाइन तथा अफलाइन माध्यमबाट सञ्चालन गरिएको थियो, जसमा नेपाली सेना, नेपाल प्रहरी, निजामती सेवा तथा संस्थानतर्फका गरी ४०० सञ्चयकर्ताहरूको सहभागिता रहेको थियो। अध्ययनमा विशेष गरी “सुत्केरी तथा शिशु स्याहार योजना” र “सञ्चयकर्ता स्वास्थ्योपचार योजना” को सान्दर्भिकता तथा प्रभावकारिता विश्लेषण गरिएको थियो।

सर्वेक्षणमा नमूना आकार निर्धारणका लागि $n_0 = Z^2p(1-p)/e^2$ सूत्र प्रयोग गरिएको थियो भने अध्ययनको विश्वसनीयता परीक्षणका लागि Cronbach’s Alpha (0.806) प्रयोग गरिएको थियो । तथ्याङ्क विश्लेषण वर्णनात्मक तथा अनुमानात्मक विधिहरु, सहसम्बन्ध विश्लेषण (Correlation), काई—स्क्वायर परीक्षण (Chi–square test) तथा विषयगत विश्लेषण (Thematic analysis) जस्ता उपकरणहरुको प्रयोग गरिएको थियो । नतिजाअनुसार अधिकांश सञ्चयकर्ताहरु सामाजिक सुरक्षा सुविधाबारे जानकार रहेको र योजनाहरु प्रति सन्तोषजनक सन्तुष्टि रहेको पाइएको छ । साथै योजनाहरुलाई थप प्रभावकारी, सरल, सहज र योगदानमुखी बनाई विस्तार गर्नुपर्ने सुझावहरु प्राप्त भएका छन् ।

नतिजा सार्वजनिक कार्यक्रममा विभागीय प्रमुखहरु दामोदर प्रसाद सुवेदी, वीरेन्द्र पौडेल र शान्ता गौतम तथा विभागका वरिष्ठ प्रबन्धक डा. दिलिपराज पौडेल, प्रबन्धक त्रिविक्रम पाण्डे लगायत अन्य कर्मचारीहरूको सहभागिता रहेको थियो । कार्यक्रममा प्रस्तुत निष्कर्ष तथा सुझावहरूलाई कोषको भावी रणनीति, सेवा सुधार तथा कार्यक्रम विस्तारमा उपयोग गरिने जनाइएको छ।

## विसं. २०८३ सालको क्यालेण्डर प्रकाशित

कोषले नयाँ वर्ष २०८३ सालको लागि नयाँ भित्ते तथा टेबल क्यालेण्डर प्रकाशन गरेको छ। विभिन्न प्राकृतिक, धार्मिक, सांस्कृतिक एवम् ऐतिहासिक महत्व बोकेका १३ वटा आकर्षक तस्विरले क्यालेण्डर सजिएको छ। क्यालेण्डरमा कोषले प्रदान गर्दैआएका सेवाप्रवाह सम्बन्धी जानकारीहरूलाई इन्फोग्राफिक माध्यमबाट प्रस्तुत गरिएको छ।

## कर्मचारी अवकाश

कोषमा २०८२ माघ, फागुन र चैत महिनामा ५ जना कर्मचारीहरु अनिवार्य अवकाश हुनुभएको छ । अनिवार्य अवकाश हुनुहुनेमा प्रबन्धक (कानून) अर्जुन प्रसाद आचार्य, उप प्रबन्धक (प्रशासन) रामहरी सिलवाल, का.मु. उप प्रबन्धक (सानिटरी) रविन्द्रमान शाक्य, प्रमुख सहायक (अन्य) सानुकाजी तन्डुकार र प्रमुख सहायक (अन्य) राम गोपाल महर्जन रहेका छन् ।

## कोषद्वारा धितोमा आधारित सापटीको थप क्षेत्र विस्तार

कर्मचारी सञ्चय कोषले धितोमा आधारित सापटीको क्षेत्र विस्तार गर्दै सञ्चयकर्ता सापटी प्रवाह विनियमावली, २०८० मा संशोधन गरेको छ। कोषले मिति २०८३ वैशाख ४ गते गरेको संशोधनअनुसार विभिन्न जिल्लामा देहायबमोजिमका क्षेत्रहरूमा सापटी सुविधा विस्तार गरेको हो ।

| सि.नं. | जिल्ला/पालिका | थप विस्तार भएको क्षेत्र |
|---|---|---|
| १ | सर्लाही जिल्ला | |
| | लालबन्दी नगरपालिका | नगरपालिका क्षेत्रको महेन्द्र राजमार्गको क्याम्पस चोकदेखि दक्षिणतर्फ हरिभवन नहरको पुलसम्म मूल सडकको दायाँबायाँ ५०० मीटर सम्मको क्षेत्र । |
| | हरिवन नगरपालिका | महेन्द्र राजमार्गको सिताराम चोकदेखि उत्तरतर्फ गेलहा, अत्रौलीको पाकरगाछी हुँदै डावरी बजार, मोहनपुर चोक, गणेश चोक हुँदै महेन्द्र राजमार्गसँग जोडिएको मूल सडकको दायाँबायाँ ५०० मीटर सम्मको क्षेत्र । |
| | बागमती नगरपालिका | महेन्द्र राजमार्गको पुतली चोकदेखि दक्षिण तर्फ सोल्टी बजार जोड्ने सडक खण्डमा पर्ने रेलको पुलदेखि सोल्टी बजारसम्मको मूल सडकको पूर्वतर्फ ५०० मीटर सम्मको क्षेत्र । |
| | ईश्वरपुर नगरपालिका | नगरपालिकाको वडा नं. ५, ६ र ७ को सम्पूर्ण क्षेत्र । |
| | बरहथवा नगरपालिका | नगरपालिकाको संगम चोकदेखि हाथिडण्डा हुँदै बरहथवा बजार सम्म मूल सडकको दायाँबायाँ ५०० मीटर सम्मको क्षेत्र र नगरपालिकाको पुरानो नेपाल बैंक चोकदेखि पश्चिमतर्फ हजरीया रोड हुँदै प्रहरी चौकीसम्म मूल सडकको दायाँबायाँ १ किलोमीटर सम्मको क्षेत्र । |

| सि.नं. | जिल्ला/पालिका | थप विस्तार भएको क्षेत्र |
|---|---|---|
| | मलंगवा नगरपालिका | महेन्द्र राजमार्गको नवलपुरदेखि दक्षिणतर्फ मलंगवा जोड्ने मूल सडक खण्ड अन्तर्गत् सर्लाही क्याम्पसको प्रवेशद्वार देखि जिल्ला विकास समिति चोकसम्म मूल सडकको दायाँबायाँ १ किलोमीटर सम्मको क्षेत्र । |
| | हरिपुर नगरपालिका | महेन्द्र राजमार्गको नवलपुरदेखि दक्षिणतर्फ मलंगवा जोड्ने मूल सडकमा पर्ने जुटपानी पुलदेखि जगतपुर, हरिपुर, लक्ष्मीपुर, हरैया हुँदै गैर चोकको पिपरीया मोडसम्म सडकको दायाँबायाँ २ किलोमीटर सम्मको क्षेत्र । |
| | हरिपूर्वा नगरपालिका | महेन्द्र राजमार्गको बाके चोकदेखि दक्षिणतर्फ संग्रामपुर जोड्ने मूल सडकमा पर्ने नगरपालिकाको वडा नम्बर ५ अन्तर्गत् महाजन पोखरीदेखि पुरानो बजार हुँदै वडा नम्बर २ को नयाँबजार सम्म मूल सडकका दायाँबायाँ ५०० मीटर सम्मको क्षेत्र । |
| **२** | **महोत्तरी जिल्ला** | |
| | पिपरा गाउँपालिका | जनकपुर जलेश्वर जोड्ने विद्यापति राजमार्गको पिपरा गाउँपालिका खण्डमा पर्ने सडकको दायाँबायाँ १ किलोमीटर सम्मको क्षेत्र । |
| | गौशाला नगरपालिका | नगरपालिका भित्रको मरहा खोलाबाट पूर्व, जिरो माइलदेखि पश्चिम, शिवभक्ति चोकदेखि दक्षिण र निगोल चोकदेखि उत्तरतर्फको वडा नम्बर ५ मा रहेको बजार क्षेत्र तथा महेन्द्र राजमार्गको गौशाला चोकदेखि दक्षिणतर्फ गौशाला सम्सी जोड्ने सडक खण्डमा पर्ने रामनगर एभरेष्ट सुगर मिलको गेटदेखि जिरो माईल सम्मको सडकको दायाँबायाँ ५०० मिटर सम्मको क्षेत्र र जिरो माईलदेखि निगोल चोकसम्मको सडकको पूर्वतर्फ १ किलोमीटर सम्मको क्षेत्र । |
| | बर्दिवास नगरपालिका | महेन्द्र राजमार्गको बर्दिवास चोकबाट दक्षिणतर्फ बर्दिवास जलेश्वर सडक खण्डको हातिलेटदेखि बेंखाडी हुँदै रामानन्द चोकसम्मको मूल सडकको दायाँबायाँ (खोला प्रभावित क्षेत्र बाहेक) ५०० मीटर सम्मको क्षेत्र । |
| | औरही नगरपालिका | नगरपालिकाको वडा नम्बर १ मा पर्ने औरही बजारदेखि श्री प्रसाद सिंह उच्च मा. वि.औरही नैनी गौरीसम्मको मूल सडकको दायाँबायाँ ५०० मिटर सम्मको क्षेत्र । |
| | मनरा शिसवा नगरपालिका | बर्दिवास जलेश्वर सडक खण्डमा पर्ने रातु खोला पुलदेखि श्रीराम जानकी कुटी प्रवेशद्वार हुदै राजीव संजिव आयल स्टोर सम्म मूल सडकको दायाँबायाँ ५०० मीटर सम्मको क्षेत्र । |
| **३** | **पर्वत जिल्ला** | |
| | कुश्मा नगरपालिका | ▪ नगरपालिकाको वडा नं. ९ (साबिक कटुवाचौपारी वडा नं. १) भित्रपर्ने दोबिल्ला हुँदै फलेवास जाने मूल सडकको थाउसे खोलादेखि चिन्ने खोलासम्म सडकको दायाँबायाँ ५०० मिटर सम्मको क्षेत्र ।<br>▪ नगरपालिकाको वडा नं. ९ (साबिक कटुवाचौपारी वडा नं. १) भित्रपर्ने दोबिल्ला हुँदै फलेवास जाने मूल सडकको चिन्ने खोलादेखि मल्याङदी खोलासम्म बायाँतर्फ ३०० मीटर र दायाँतर्फ ७०० मीटर भित्रको क्षेत्र ।<br>▪ नगरपालिकाको वडा नं. ९ (साबिक कटुवाचौपारी वडा नं. १) भित्रपर्ने दोबिल्लाहुँदै फलेवास जाने मूल सडकको लामाचौर भगवती मन्दिरबाट अधिकारी फाँट हुँदै रिमाल चोक जाने शाखा सडकको दायाँबायाँ २०० मीटर सम्मको क्षेत्र ।<br>▪ नगरपालिकाको वडा नं. २ (साबिक खुर्कोट वडा नं. २) भित्र पर्ने पोखरा बाग्लुङ्ग (भुपि शेरचन राजमार्ग) को छमर्केबाट बगैंचा हुँदै बनौ जाने सडक खण्डको श्री हिमालय मा.वि. देखि लक्ष्मी मन्दिर चोक-बास्तोला टोल हुँदै गहिरा टाहारी सालघारी जाने सडकखण्डको दायाँबायाँ ३०० मीटर भित्रको क्षेत्र ।<br>▪ नगरपालिकाको वडा नं. २ (साबिक खुर्कोट वडा नं. २) हिमालय मा. वि. देखि बनौ सडक भाटेबारीसम्म सडकको बायाँतर्फ ३०० मीटर सम्मको क्षेत्र । |
| | फलेवास नगरपालिका | ▪ नगरपालिकाको वडा नं. ४ (साबिक मुडिकुवा गा.वि.स.) भित्र पर्ने माटेदेवल मा.वि. मुडिकुवादेखि कमले बजारसम्म दोबिल्ला फलेवास सडकको दायाँबायाँ ३०० मीटर सम्मको क्षेत्र ।<br>▪ नगरपालिकाको वडा नं. ५ (साबिक खानिगाँउ गा.वि.स.) भित्र पर्ने दोबिल्ला खानिगाँउ सडकको पानी ट्याङकी पिप्ले हुँदै भवानी विद्यापिठ मा. वि.लगायत खौला सम्मको सडकको दायाँबायाँ ३०० मीटर भित्रको क्षेत्र ।<br>▪ नगरपालिकाको वडा नं. ६ (साबिक देविस्थान गा.वि.स.७) भित्र पर्ने दोबिल्ला फलेवास सडकको कमले बजार हुँदै फलेवास ओख्ले खोलासम्म सडकको दायाँबायाँ ३०० मीटर तथा ओख्ले खोलादेखि फलेवास डिकसम्म सडकको दायाँतर्फ ५०० मिटर सम्मको क्षेत्र । |
| **४** | **बाग्लुङ्ग जिल्ला** | |
| | बाग्लुङ्ग नगरपालिका | नगरपालिकाको वडा नं. १४ भित्रपर्ने नारायणस्थान क्षेत्रभित्र कालीगण्डकी करिडोर सडक खण्ड पैंयुपाटा नारायणस्थानको सिमाना यान्त्रिक पुल चोकदेखि पानी टंकीसम्म सडकको दायाँबायाँ ५०० मीटर सम्मको क्षेत्र र नगरपालिकाको वडा नं. १४ भित्रपर्ने कुश्मीसेरा सडक खण्डभित्रको पानी टंकीदेखि राक्से पाखासम्म मूल सडकको दायाँबायाँ ५०० मीटर सम्मको क्षेत्र । |
| **५** | **कैलाली जिल्ला** | |
| | गोदावरी नगरपालिका | अत्तरिया चोकदेखि पश्चिम मोहना नदीसम्म उत्तरतर्फ ३ किलोमीटर र दक्षिणतर्फ १.५ किलोमीटर सम्मको क्षेत्र । |
| | गौरीगङ्गा नगरपालिका | महेन्द्र राजमार्गको लिक्मा नदीदेखि पूर्वतर्फ मसुरीया बजार हुँदै शंकरपुर चोकसम्म राजमार्गको दायाँबायाँ १ किलोमीटर सम्मको क्षेत्र । |
| | कैलारी गाउँपालिका | हुलाकी राजमार्ग अन्तर्गत् कैलारी गा.पा. वडा नं. ४ को घुरा खोलाको पुलदेखि सुर्मिनालाको पुलसम्म उत्तर तर्फ १ किलोमीटर सम्मको क्षेत्र र हुलाकी राजमार्ग अन्तर्गत् कैलारी गा.पा. वडा नं. ५ को सुर्मिनाला देखि हसुलिया हुँदै पवेरा बजार (पवेरा खोला पुल) सम्म उत्तर तर्फ १ किलोमीटर र दक्षिणतर्फ ३०० मीटर सम्मको क्षेत्र । |
| **६** | **कञ्चनपुर जिल्ला** | |
| | कृष्णपुर नगरपालिका | महेन्द्र राजमार्गको मोहना नदीदेखि पश्चिमतर्फ हरियाली सामुदायिक वनको पूर्वी सीमानासम्म सो राजमार्गको उत्तरतर्फ ३ किलोमीटर र दक्षिणतर्फ २.५ किलामीटर सम्मको क्षेत्र । |
| | शुक्लाफाँटा नगरपालिका | महेन्द्र राजमार्गको कलुवापुर चोकदेखि स्याली नदीको पुलसम्म राजमार्गको दायाँबायाँ २ किलोमीटर सम्मको क्षेत्र । |
| | बेतकोट नगरपालिका | महेन्द्र राजमार्गको राधा नदीदेखि काङ्ला नदीको पुलसम्म राजमार्गको दायाँबायाँ ३ किलोमीटर सम्मको क्षेत्र । |

| सि.नं. | जिल्ला/पालिका | थप विस्तार भएको क्षेत्र |
|---|---|---|
| ७ | **सङ्खुवासभा जिल्ला** | |
| | चैनपुर नगरपालिका | ▪ वडा नं. ३,४,५ (पोखरी बजार क्षेत्र) दलपे गेटदेखि पोखरी बजारसम्मको क्षेत्र ।<br>▪ वडा नं. ३ स्थित सिद्धकाली मन्दिरदेखि भ्यागुतेढुङ्गा हुँदै वडा नं. ६ स्थित घुमाउने चौतारो हुँदै चैनपुर बजारको सिरानसम्म मूल बाटोसँग जोडिएको क्षेत्र ।<br>▪ वडा नं. ५ स्थित खत्रीगाउँ, केराबारी, दलपे गेट, नेपाल टेलिकम टावर, मगर गाउँ हुँदै शारदा मा .वि. सम्म मूल सडकसँग जोडिएको क्षेत्र ।<br>▪ वडा नं. ६ स्थित चैनपुर बजारको जिरो पोइन्टबाट नगरपालिकाको कार्यालय, हिटिटोल (सरस्वती मा.वि.), भन्ज्याङखर्क, मिलडाँडा, हस्पिटल चोक हुँदै पाँचखपन जाने मुल बाटो सँग जोडिएको दायाँ बायाँको क्षेत्र ।<br>▪ वडा नं. ६ स्थित चैनपुर बजारको जिरो पोइन्टबाट पौडेल गाउँ हुँदै क्याम्पस रोडको सडकसँग जोडिएको दायाँ बायाँको क्षेत्र ।<br>▪ वडा नं. ७ स्थित चैनपुर बजार क्षेत्र तथा देउराली बजार क्षेत्र ।<br>▪ वडा नं. ७ स्थित अरुण प्रवेश मार्गको दायाँबायाँको क्षेत्र ।<br>▪ वडा नं. ८ को जिरो पोइन्टबाट खराङ जाने बाटो (अरुण प्रवेश मार्ग) सँग जोडिएका ८ नं. वडा कार्यालय, बानेश्वर महादेव मन्दिर हुँदै विद्युत सबस्टेशन सम्मको क्षेत्र ।<br>▪ वडा नं. ९ को अरुण प्रवेश मार्ग पिलुवा खोलादेखि वडा नं. ७ को सीमानासम्म राजमार्गसँग जोडिएको दायाँबायाँको क्षेत्र ।<br>▪ वडा नं. १० स्थित खराङ बजार क्षेत्रको सबै र अरुण प्रवेश मार्गसँग जोडिएका क्षेत्र ।<br>▪ वडा नं. ११ को सभाखोलादेखि वडा नं. १० को सीमानासम्म अरुण प्रवेश मार्गसँग जोडिएको दायाँबायाँको क्षेत्र ।<br>▪ वडा नं. ११ को कोशी राजमार्गमा पर्ने पिलुवा दोभानदेखि सातटारे हुँदै सभाखोलासम्मको क्षेत्र । |
| ८ | **नुवाकोट जिल्ला** | |
| | शिवपुरी गाँउपालिका | टोखा छहरे सडक खण्डको जनज्ञान माध्यामिक विद्यालयदेखि लिखु खोलासम्म सडकको दाँयाबाँया ५०० मिटर सम्मको क्षेत्र । |
| | लिखु गाँउपालिका | ▪ मध्यपहाडी लोकमार्गको छहरेको पुलदेखि डुडे बगैचासम्म दाँया उत्तरतर्फ १०० मिटर र बाँया दक्षिणतर्फ ५०० मिटर सम्मको क्षेत्र ।<br>▪ मध्यपहाडी लोकमार्गको ढिकुरे बजारदेखि राम मन्दिरसम्म दाँया उत्तरतर्फ ५०० मिटर सम्मको क्षेत्र ।<br>▪ मध्यपहाडी लोकमार्गको राम मन्दिरदेखि बर्फिदीसम्म दाँया उत्तरतर्फ ५०० मिटर र बाँया दक्षिणतर्फ २०० मिटर सम्मको क्षेत्र ।<br>▪ गणखार बाहुनबेशी सडक खण्डको गणखार पुलदेखि पञ्चकन्या गाँउपालिकाको सीमाना खोलासम्म दाँया दक्षिणतर्फ १ किलोमीटर सम्मको क्षेत्र । |
| | विदुर नगरपालिका | ▪ मध्यपहाडी लोकमार्ग अन्तर्गत् विदुर नगरपालिकाको सीमाना गेटदेखि गँगटेसम्म बाँया दक्षिणतर्फ १०० मीटर सम्मको क्षेत्र ।<br>▪ गल्छि—स्याफ्रुबेशी सडकको गँगटेदेखि देबीघाट तादी पुलसम्म दाँया पश्चिमतर्फ त्रिशुली नदीको मापदण्ड छोडेर बाँकी सबै क्षेत्र तथा बाँया पूर्वतर्फ २०० मीटर सम्मको क्षेत्र ।<br>▪ गल्छि—स्याफ्रुबेशी सडकको गँगटेदेखि उत्तर नेपाल बैङ्कको कार्यालयसम्म पश्चिमतर्फ त्रिशुली नदीको मापदण्ड छोडेर बाँकी सबै क्षेत्र तथा दाँया पूर्वतर्फ १ किलोमिटर सम्मको क्षेत्र । |
| | बेलकोटगढी नगरपालिका | गल्छि-स्याफ्रुबेशी सडकको महादेवफाँट अन्तर्गत बुद्धसिंह घाटदेखि महादेव माध्यामिक विद्यालय जाने गेटसम्म बाँया दक्षिणतर्फ २०० मिटर सम्मको क्षेत्र । |
| | पञ्चकन्या गाँउपालिका | दुप्चेश्वर जाने सडक खण्डको बानिँयाटारदेखि तादी खोलासम्म उत्तर बाँयातर्फ १ किलोमीटर सम्मको क्षेत्र । |
| ९ | **ओखलढुङ्गा जिल्ला** | |
| | सिद्धिचरण नगरपालिका | वडा नं. ४ को रुम्जाटार क्षेत्र, वडा नं. ५ को सानीटार क्षेत्र, वडा नं. ११ अन्तर्गत सिद्धिचरण राजमार्गको दायाँबायाँ ५०० मीटर सम्मको क्षेत्र, वडा नं. १२ को सिद्धिचरण राजमार्गबाट १ किलोमीटर सम्मको क्षेत्र र लगलगे देखि अल्ले, विप्लाटे बजारसम्म सिद्धिचरण राजमार्गको दायाँबायाँ ३०० मीटरसम्मको क्षेत्र । |
| १० | **खोटाङ जिल्ला** | |
| | दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका | नगरपालिकाको वडा नं. १ स्थित दिक्तेल बजार क्षेत्रको मूल सडक (प्रवेशद्वार—खानीडाँडा सडक खण्डको २ कि. मी. सम्म) को दायाँबायाँ ३०० मीटर सम्मको क्षेत्र, नगरपालिकाको वडा नं. १ र २ अन्तर्गत पुष्पलाल लोकमार्ग (मध्य पहाडी लोकमार्ग) को दायाँबायाँ ५०० मीटर सम्मको क्षेत्र र पुष्पलाल लोकमार्ग (मध्य पहाडी लोकमार्ग) को दायाँबायाँ ३०० मीटर सम्मको क्षेत्र । |
| | हलेसी तुवाचुङ नगरपालिका | वडा नं. ५ को कार्यालयदेखि दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका सीमासम्म पुष्पलाल लोकमार्ग (मध्य पहाडी लोकमार्ग) को दायाँबायाँ ३०० मिटर सम्मको क्षेत्र । |
| ११ | **जुम्ला जिल्ला** | |
| | चन्दननाथ नगरपालिका | वडा नं. १ को होटल पौवा जुम्लादेखि दानसाँघु पुलसम्म विमानस्थल मार्गको दायाँ—बायाँ २०० मिटर सम्मको क्षेत्र, वडा नं. २ को नन्दबक्स गण तथा नं. २४ बाहिनी अड्डा भएको क्षेत्रको पक्की सडकसँग जोडिएको क्षेत्र, वडा नं. ४ को चन्दननाथ नगर कार्यपालिकाको कार्यालय देखि कर्णाली स्वास्थ विज्ञान प्रतिष्ठान क्षेत्रसम्मको सहायक सडकको दायाँ—बायाँ २०० मिटर सम्मको क्षेत्र तथा नेपाल रेडक्रस सोसाईटीको कार्यालयदेखि जी.एम.डी. बोर्डिङ्ग स्कूल हुँदै विद्युत प्राधिकरण सम्म सडकको दायाँ—बायाँ २०० मिटर सम्मको क्षेत्र, वडा नं. ५ को रङ्गशाला, कालेखोली बजार तथा चन्दननाथ मन्दिर आसपासको पक्की सडकको दायाँ—बायाँ २०० मिटर सम्मको क्षेत्र र वडा नं. ६ तथा ७ को बसपार्क क्षेत्रका कर्णाली राजमार्गको दायाँ-बायाँ २०० मिटरसम्मको क्षेत्र । |

# शाखा कार्यालय धनगढी

## कोषको सेवा प्रवाहबारे अभिमुखीकरण कार्यक्रम सम्पन्न




बैतडीको पाटन नगरपालिकाभित्रका विभिन्न विद्यालयका लेखापाल, प्रधानाध्यापक तथा स्थायी शिक्षकहरूलाई लक्षित गरी अभिमुखीकरण कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ ।

कार्यक्रमको मुख्य उद्देश्य कोषले प्रदान गर्ने विभिन्न सेवा, सुविधा तथा घरमै बसेर प्रयोग गर्न सकिने अनलाइन सेवाहरूबारे शिक्षक तथा कर्मचारीहरूलाई विस्तृत जानकारी दिनु थियो । यसले विद्यालय तहका कर्मचारीहरूलाई कोषसँग सम्बन्धित प्रक्रियामा हुने अलमल कम गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ । कार्यक्रममा कर्मचारी सञ्चय कोष धनगढी शाखाका प्रमुख दिपक मणि रिसालले कोषमा आबद्ध भएपछि प्राप्त हुने बचत सुविधा, विभिन्न प्रकारका सापटी सुविधा तथा सामाजिक सुरक्षा योजनाहरूबारे विस्तृत रूपमा जानकारी गराउनुभयो ।

# शाखा कार्यालय सुर्खेत

## निवृत्तभरण योजनासम्बन्धी प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न



सुर्खेतको वीरेन्द्रनगरमा योगदानमा आधारित निवृत्तभरण योजनासम्बन्धी बृहत छलफल तथा अन्तरक्रिया सम्पन्न भएको छ । कर्मचारी सञ्चय कोष सुर्खेत कार्यालयको आयोजना एवम् मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको समन्वयमा प्रदेशस्तरीय छलफल तथा अन्तरक्रिया गरिएको हो ।

कार्यक्रममा आर्थिक मामिला तथा योजना मन्त्रालयको तर्फबाट वरिष्ठ राजस्व अधिकृत गणेशबहादुर चन्द र कोषको निवृत्तभरण व्यवस्थापन तथा सामाजिक सुरक्षा विभागको तर्फबाट विभागीय प्रमुख विरेन्द्र पौडेलले छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। कार्यक्रमका सहभागीहरूले सङ्घीय तहमा योगदानमूलक निवृत्तभरणको सफल व्यवस्थापन भए जस्तै प्रदेश तथा स्थानीय तहका कर्मचारीहरूलाई समेत सामाजिक सुरक्षाको एउटै छातामुनि ल्याउने गरी आवश्यक गृहकार्य गर्नुपर्नेमा जोड दिनुभयो ।

प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका प्रमुख सचिव वीरेन्द्र कुमार यादवले प्रदेश र स्थानीय तहका कर्मचारीहरूको निवृत्तभरण सम्बन्धी कानून बनिनसकेको सङ्क्रमणकालीन अवस्थामा विभिन्न अन्यौलता देखिएको बताउनुभयो । ६ दशकदेखिको विशिष्टिकृत अनुभवको आधारमा सञ्चय कोषले यसको जिम्मेवारी लिन सक्षम भएको धारणा राख्नुभएको थियो ।

कर्मचारी सञ्चय कोषका सह प्रशासक जीवनकुमार कट्वालले कर्मचारी सञ्चय कोषले सङ्घीय सरकार अन्तर्गतका कर्मचारीहरूको सञ्चय कोष र योगदानमा आधारित निवृत्तभरण कोषको व्यवस्थापन सफल रूपमा गर्दै आएको बताउनुभयो ।

उहाँले कर्णाली प्रदेश सरकारले पनि योगदानमा आधारित निवृत्तभरण कोष ऐन तर्जुमा गरेमा सोको सफल व्यवस्थापन गर्न कर्मचारी सञ्चय कोष तयार रहेको बताउनु भयो । प्रदेश सरकार एवम् स्थानीय तहमासमेत सङ्घीय कानून अनुकूल हुने गरी कानून निर्माण हुनुपर्नेमा उहाँको जोड रहेको थियो ।

उप प्रबन्धक राजेन्द्र विक्रम केसीले सञ्चालन गरेको कार्यक्रमको अध्यक्षता कार्यालय प्रमुख मुकुन्द अर्यालले गर्नुभएको थियो । कार्यक्रममा कर्णाली प्रदेशका विभिन्न मन्त्रालय तथा आयोगहरूका सचिवहरू, प्रदेशस्तरीय कार्यालय र निर्देशनालयका प्रमुखहरू, सुर्खेत अन्तर्गतका विभिन्न स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत लगायतको सहभागिता थियो ।

# शाखा कार्यालय बुटवल

## कोषका सह  प्रशासकद्वारा शाखा कार्यालय बुटवलको अनुगमन तथा निरीक्षण

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय बुटवलमा मिति २०८२/१२/०९ गते कोषका सह प्रशासक जीवन कुमार कटवाल, का.मु.सह प्रशासक  भरतराज वस्ती, लगानी तथा ट्रेजरी व्यवस्थापन बिभागका बरिष्ठ प्रबन्धक  शिबराज पौडेल र वित्त बिश्लेषक सुजन सिंह कार्कीद्वारा अनुगमन तथा निरीक्षण सम्पन्न भएको छ । निरीक्षणको क्रममा शाखा कार्यालय बुटवलका कार्यालय प्रमुख केशप कुमार बुढाथोकीले शाखा कार्यालयको प्रगति बिवरण पेश गर्नुभएको थियो । अन्त्यमा, कोषका सह प्रशासकद्वारा तोकिएको समयमा गुणस्तरीय रुपमा सेवा प्रवाह गर्न निर्देशन दिनुभएको थियो ।




## अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न




मिति २०८२/१२/०६ गते कर्मचारी सञ्चय कोष शाखा कार्यालय बुटवलले नवलपरासी (ब.सु.प.) जिल्लाको नेपाल प्रहरी युक्ति महाविद्यालयमा सञ्चयकर्ता अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ। उक्त कार्यक्रममा तालिम केन्द्रमा कार्यरत कर्मचारीहरु समेत गरि करिव २०० जना सञ्चयकर्ताको उपस्थिति रहको थियो। नेपाल प्रहरी युक्ति तालिम महाविद्यालयमा कार्यालयमा प्रमुख प्राचार्य अनुपम शम्शेर ज.व.रा., प्रमुख अतिथि रहनु भएको कार्यक्रम कोषको शाखा कार्यालय प्रमुख केशप कुमार वुढाथोकीले कार्यक्रममा उपस्थितिहरुलाई स्वागत गर्दै एकमुष्ठ सम्वोधन गर्नु भएको थियो। उक्त कार्यक्रममा कोषका सहायक प्रबन्धक कृष्ण प्रसाद पोखरेल र अञ्जना पराजुलीले कोषले प्रदान गर्दै आएको वित्तिय सेवा तथा सामाजिक सुरक्षा सुविधाका बारेमा बृहत जानकारी गराउनु भएको थियो ।

## ज्ञान सीप आदान प्रदान कार्यक्रम

मिति २०८२।१२।०१ गते कार्यालय प्रमुख केशप कुमार बुढाथोकीको संयोजकत्वमा शाखा कार्यालयका सहायक प्रबन्धक महेन्द्र पन्थीले शाखा कार्यालयमा कार्यरत कर्मचारीको उपस्थितिमा बेचालु खाता व्यवस्थापन, खाता एकीकरण र बैक रिकन्सिलेसनका सन्र्दभमा विद्यमान कोषका कार्यविधिमा भएको ब्यवस्था, कार्य गर्दा अपनाउनु पर्ने पक्रियाको बारेमा श्रब्य-दृश्य सामग्रीको माध्यमबाट ज्ञान आदान प्रदान कार्यक्रम सम्पन्न भएको थियो ।







# शाखा कार्यालय पोखरा

## सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न



शाखा कार्यालय पोखराले मिति २०८२ चैत्र २४ मा कास्की जिल्लास्थित अन्नपूर्ण गाउँपालिकामा सञ्चय कोष र निवृत्तभरणसम्बन्धी अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। उक्त कार्यक्रममा अन्नपूर्ण गाउँपालिकास्थित माध्यामिक तथा आधारभूत विद्यालयका ५० जनाभन्दा बढी प्रधानाध्यापक तथा प्रतिनिधि शिक्षकहरुको उपस्थित रहेको थियो। अन्नपूर्ण गाउँपालिकाको सभाहलमा आयोजित उक्त कार्यक्रमको अध्यक्षता अन्नपूर्ण गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चिरञ्जीवि बरालले गर्नुभएको थियो।

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय पोखराका सहायक प्रबन्धक आरती भुसाल बास्तोलाद्धारा सञ्चालित उक्त कार्यक्रममा विषयगत प्रस्तुतीकरण कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, पोखराका का.मु. उप प्रबन्धक पारसमणी भण्डारी र सहायक प्रबन्धक सचिन सापकोटाले गर्नुभएको थियो। कार्यक्रमको मुख्य विषयवस्तु सञ्चय कोष व्यवस्थापन, सामाजिक सुरक्षा सुविधा वितरण, कर्जा तथा सापटी, फाँटवारी, बेचालु तथा खाता एकीकरण, Know Your Customer (KYC) र योगदानमा आधारित निवृत्तभरण योजना रहेको थियो।

## धितोमा आधारित सापटीको क्षेत्र विस्तार अध्ययन सम्पन्न

धितोमा आधारित सापटीको क्षेत्र विस्तार गर्ने उद्देश्यले शाखा कार्यालय पोखराले मिति २०८२ फागुन १३ र १४ मा तनहुँ जिल्लाको व्यास नगरपालिका वडा नं. १० फराकचौरको पूर्वाधार विकास भएका क्षेत्रको निरीक्षण तथा सम्भाव्यता अध्ययन सम्पन्न गरेको छ। आगामी दिनमा शाखा कार्यालयले गण्डकी प्रदेशभित्रका पूर्वाधार विकास भएका अन्य जिल्लाहरुमासमेत सापटीको दायरा विस्तार गर्दै लैजाने नीति लिएको छ।

## कार्यालय परिसरको वातावरण सौन्दर्यीकरण

शाखा कार्यालय पोखराको नवनिर्मित भवन परिसरको वातावरण सौन्दर्यीकरण कार्य सम्पन्न गर्न पोखरा नगरपालिकासँग समन्वय गरी मूल सडकसँग जोडिएको पर्खालबाहिर धुपी, अशोक र फूलहरु गरी जम्मा १० वटा रुखहरु वृक्षारोपण गरिएको छ। साथै, सोही पर्खालभित्र रहेको कोषको खुला चौरको सीमामा बाह्रमासे, बेगमबेली, लालुपाते तथा स्वस्थानी फूलजस्ता विभिन्न लहरे फूलहरुसमेत लगाइएको छ।

## ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न

शाखा कार्यालय पोखराले मिति २०८२ चैत्र २७ मा शाखा कार्यालय अन्तर्गत रहेको लेखा तथा प्रशासन इकाईको समन्वयमा "बजेट निर्माण, कार्यान्वयन तथा मूल्याङ्कन" विषयमा ज्ञान आदानप्रदान कार्यक्रम (Knowledge Sharing) सम्पन्न गरेको छ। शाखा कार्यालय पोखराका कर्मचारीहरुको सक्रिय सहभागिता रहेको यस ज्ञान आदानप्रदान कार्यक्रमको विषयगत प्रस्तुतीकरण सहायक प्रबन्धक आरती भुसाल बास्तोलाले गर्नुभएको थियो।

## सञ्चयकर्ता बडापत्र संशोधन तथा अद्यावधीकरण

कोषले प्रदान गर्ने सेवासुविधाबारे जानकारी दिने उद्देश्यले नागरिक सेवा बडापत्रको अवधारणाअनुसार सञ्चयकर्ता बडापत्रलाई समसामयिक संशोधनसहित अद्यावधिक गरी कार्यालय परिसरमा राखिएको छ। यसअघि राखिएको बडापत्रमा कोषका नीति नियमहरुमा भएका पछिल्लो संशोधनहरुलाई समेत समेटेर सेवाको प्रकृति, आवश्यक कागजात, सेवाशुल्क, समयावधि, सेवा लिने इकाई तथा गुनासो सुन्ने अधिकारी लगायतका सूचनाहरु अद्यावधिक गरिएको छ।

# शाखा कार्यालय हेटौंडा

## अन्तरक्रिया तथा धितोमा आधारित सापटीको क्षेत्र विस्तार अध्ययन कार्यक्रम सम्पन्न



शाखा कार्यालय हेटौंडाको तर्फबाट उप प्रबन्धक गौरी शंकर मल्लिक र सहायक प्रबन्धक राम कुमार मण्डलको संलग्नतामा सिमरा उपमहानगरपालिका र परवानीपुर गाउँपालिकामा कोषको सेवा—सुविधासम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा स्थानीय जनप्रतिनिधि, सरोकारवाला निकाय तथा सेवाग्राहीहरूको सहभागिता रहेको थियो। सहभागीहरूले कोषका विद्यमान सेवाहरू, पहुँच विस्तार तथा सेवामा सुधारका सम्भावनाबारे आफ्ना सुझाव तथा जिज्ञासा राखेका थिए। यसै क्रममा उपमहानगरपालिका र गाउँपालिका अन्तर्गतका विभिन्न वडाहरूमा धितोमा आधारित ऋण सेवाको विस्तारका लागि आवश्यक धितोको क्षेत्र विस्तार-सम्बन्धी अध्ययन तथा सर्वेक्षण कार्य समेत सम्पन्न गरेको जनाएको छ।

# शाखा कार्यालय जनकपुर

## निवृत्तभरण तथा सञ्चय कोषसम्बन्धी छुट्टाछुट्टै अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न




मिति २०८२/०६/२९ गते धनुषा जिल्ला, जनकपुर उपमहानगरपालिका अन्तरगत रहेका ४९ वटा सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई सचेतना गराउने उद्देश्यले कर्मचारी सञ्चय कोष शाखा कार्यालय जनकपुरले अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । गोगल प्रसाद नमूना माध्यामिक विद्यालय, जनकपुरमा आयोजना गरिएको उक्त अभिमुखीकरण कार्यक्रमको सभापतित्व कोषको शाखा कार्यालय जनकपुरका कार्यालय प्रमुख अर्जुन निरौलाले गर्नुभएको थियो भने प्रमुख अतिथिको रुपमा जनकपुर उपमहानगरपालिकाका शिक्षा शाखा प्रमुख अन्जु पाण्डे र अतिथिको रुपमा गोगल प्रसाद नमूना माध्यामिक विद्यालयका प्रधानाध्यापक महावीर दास रहनु भएको थियो । सहायक प्रबन्धक रामकृष्ण नन्दन सिंहले कोषबाट प्रदान गरिने सेवा सुविधा विषयमा र सहायक प्रबन्धक सन्तोष कुमार शाहले कोषकट्टी फाँटवारी अनलाईन इन्ट्रि, अनलाईनबाट विशेष सापटी लिने र सपाटी तिर्ने प्रक्रिया, KYC लगायतका विषयमा प्रस्तुतीकरण गर्नुभएको उक्त कार्यक्रममा कार्यालय प्रमुख अर्जुन निरौलाले सहभागीको जिज्ञासाहरुको सम्बोधन गर्नुभएको थियो ।



त्यसैगरी शाखा कार्यालय जनकपुरले सशस्त्र प्रहरी बल नेपाल, दन्तकाली विशेष कार्य तालिम शिक्षालयको समन्वयमा मिति २०८२/११/२९ गते सप्तरी जिल्लामा रहेको सशस्त्र प्रहरी बल नेपाल, दन्तकाली विशेष कार्य तालिम शिक्षालय, कन्चनरुपमा निवृत्तभरण र सञ्चय कोष सम्बन्धी अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । उक्त अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रममा शिक्षालयका अधिकृत तथा पदिक गरी २०६ जना तथा कोष कार्यालयबाट ४ जना गरी जम्मा २१० सञ्चयकर्ताहरुको सहभागिता रहेको थियो ।

## ज्ञान आदान प्रदान कार्यक्रम सम्पन्न



शाखा कार्यालय जनकपुरले "सार्वजनिक सेवा प्रवाहमा कर्मचारीको व्यवहारगत सुधार : सन्दर्भ कर्मचारी सञ्चय कोष" विषयमा ज्ञान आदानप्रदान कार्यक्रम (Knowledge Sharing) सम्पन्न गरेको छ। शाखा कार्यालय जनकपुरका कर्मचारीहरुको सहभागिता रहेको कार्यक्रममा विषयगत प्रस्तुतीकरण कार्यालय प्रमुख अर्जुन निरौलाले गर्नुभएको थियो ।

त्यसैगरी "धितोमा आधारीत कर्जा प्रवाह तथा असुली प्रक्रिया, सन्दर्भ कर्मचारी सञ्चय कोष" विषयमा अन्तरक्रियाका साथै ज्ञान सीप आदान प्रदान कार्यक्रम सम्पन्न गरेको थियो । कार्यालय प्रमुखद्वारा प्रारम्भिक प्रस्तुति तथा कर्जा इकाईका सहायक प्रबन्धक बीरेन्द्र कुमार र प्रमुख सहायक शंकर कुमार चौधरीले कर्जा प्रवाह तथा असुली प्रक्रिया सम्बन्धमा विस्तृत जानकारी प्रदान गर्नुभएको थियो ।

## धितोमा आधारित सापटीको क्षेत्र विस्तार

शाखा कार्यालय जनकपुरको कार्यक्षेत्रभित्र रहेका ८ वटा जिल्लाहरु मध्ये प्रथम चरणमा धनुषा जिल्लाको पालिकाहरुमा, दोश्रो चरणमा सप्तरी र सिराहा जिल्ला अन्तर्गतका पालिकाहरुमा र तेश्रो चरणमा महोत्तरी जिल्ला र सर्लाही जिल्लामा धितोमा आधारित सापटीको क्षेत्र विस्तार कार्यक्रम सम्पन्न गरियो ।

## सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम



कर्मचारी सञ्चयकोष शाखा कार्यालय विराटनगरले मिति २०८२ चैत २६ गते सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । विराटनगरको होटेल रुविजमा कोष तथा लेखा नियन्त्रक कार्यालय मोरङ्गद्वारा आयोजना गरिएको विद्युतीय प्रणाली **(CGAS/RMIS)** क्षमता विकास कार्यक्रममा कोशी प्रदेश अन्तर्गतका लेखा सम्बन्धी कार्य गर्ने कर्मचारीहरू करीब ५० जनाको सहभागिता रहेको थियो । उक्त कार्यक्रमको पहिलो सत्रमा कर्मचारी सञ्चयकोष शाखा कार्यालय विराटनगरले सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको थियो। कार्यक्रममा कोषको इतिहास तथा परिचय, कोषबाट प्रवाह हुने सामाजिक सुरक्षा सुविधा, वित्तीय सुविधा, सञ्चयकर्ताको व्यक्तिगत विवरण केवाईसी, कार्यालयको संस्थागत विवरण, अनलाइन विशेष सापटी, फाँटवारी तयार गर्ने विधि, कोषकट्टी बापत बैंकमा जम्मा भएको रकम सञ्चयकर्ताको सञ्चयकोष खातामा पोस्टिङ हुन पूरा गर्नुपर्ने प्रक्रिया, अवकाश भुक्तानीमा लाग्ने कर, सापटी फिर्ता गर्ने प्रक्रिया लगायतका विषयमा कार्यालय प्रमुख रुकमणी ठकुरीले प्रस्तुतीकरण राख्नुभएको थियो । अन्तरक्रियात्मक रहेको उक्त कार्यक्रममा सञ्चयकर्ताले अनलाइन विशेषापटी लिने प्रक्रिया, अनलाइन सापटी फिर्ता गर्ने प्रक्रियाबारे जिज्ञासा राख्नुभएको थियो । साथै धितोमा आधारित कर्जाको क्षेत्र विस्तार हुनुपर्ने, स्वास्थ्य उपचार योजनामा सबै अस्पताल सूचीकृत गर्नुपर्ने लगायतका धारणा राख्नुभएको थियो ।


त्यसैगरी कार्यक्रमका दौरान उठेका जिज्ञासाका सम्बोधन गर्दै शाखा कार्यालय प्रमुख ठकुरीले सञ्चयकोषले सधैं सञ्चयकर्ताको हितका लागि कार्यक्रम गर्दै आएको, सञ्चयकर्तालाई सहज रुपमा सेवा प्रवाह गर्न प्रविधिको उच्चतम प्रयोग गर्दै आएको र कोषको सेवालाई सदैव सञ्चयकर्तामैत्री बनाउन कोषले प्राथमिकतामा राखेको साथै सुधार आवश्यक महसुस गरेको पक्षमा सञ्चयकर्ताले पृष्ठपोषण गर्नुहुन समेत अनुरोध गर्नुभएको थियो । उक्त कार्यक्रममा करिब ५० जना सञ्चयकर्ताको सहभागिता रहेको थियो ।

## संस्था सूचीकरण सम्झौता सम्पन्न

शाखा कार्यालय विराटनगरले कर्मचारी सञ्चय कोष, सञ्चयकर्ता र कार्यालय तथा संस्था सूचीकरण विनियमावली, २०८१ बमोजिमको प्रकृया पूरा गर्ने कार्यालयहरुलाई सञ्चयकर्ता सेवा विभागसँग सम्झौता गर्ने स्वीकृति लिई सम्झौता सम्पन्न गर्दै आएको छ। यहि क्रममा धरान उपमहानगरपालिका-२ स्थित गोर्खा बचत तथा ऋण सहकारी संस्था लिमिटेड र कर्मचारी सञ्चय कोषबीच सञ्चय कोषमा रकम जम्मा गर्न मिति २०८२ फागुन ११ गते शाखा कार्यालय विराटनगरमा सम्झौता सम्पन्न भएको छ। गोर्खा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको तर्फबाट व्यवस्थापक विमल श्रेष्ठ र कोषको तर्फबाट शाखा कार्यालय प्रमुख रूकमणी ठकुरीको उपस्थितिमा सम्झौता भएको छ।

यसैगरी कटहरी गाँउपालिका -२ मा रहेको जीवन विकास समाज र कर्मचारी सञ्चय कोषबीच सञ्चय कोषमा रकम जम्मा गर्न मिति २०८२ चैत्र २५ गते सम्झौता सम्पन्न भएको छ। जीवन विकास समाजको तर्फबाट कार्यालय प्रमुख ओम प्रकाश मण्डल र कोषको तर्फबाट शाखा कार्यालय प्रमुख रूकमणी ठकुरीको उपस्थितिमा सम्झौता भएको छ।



# सेवा केन्द्र धनकुटा

## धितोमा आधारित सापटीको क्षेत्र विस्तार अध्ययन कार्यक्रम सम्पन्न



मिति २०८२ चैत १ मा कर्मचारी सञ्चय कोष सेवा केन्द्र धनकुटाका कार्यालय प्रमुख झलकराज शर्मा र सहायक अभय निरौलाद्वारा धितोमा आधारित सापटीको क्षेत्र विस्तार गर्ने उद्देश्यले सङ्खुवासभा जिल्लाको चैनपुर नगरपालिका क्षेत्रको स्थलगत अध्ययन सम्पन्न गर्नुभएको छ । अध्ययनबाट सो क्षेत्रमा आवास विकास तथा बजार संरचना निर्माणका लागि उपयुक्त जग्गा उपलब्ध रहेको निष्कर्ष निकालिएको छ। बजारसम्म पुग्ने पक्की सडक विस्तार निर्माणाधीन अवस्थामा रहेकाले पूर्वाधार विकासका आधारहरू क्रमशः तयार भइरहेको पनि उल्लेख गरिएको छ।

## अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न

सेवा केन्द्र धनकुटाले तेह्रथुम जिल्लास्थित शत्रुमर्दन गुल्ममा कोषद्वारा प्रदान गरिने वित्तीय सेवा सुविधा तथा सामाजिक सुरक्षा योजनासम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा कोषबाट उपलब्ध वित्तीय सुविधा प्राप्त गर्ने प्रक्रिया, मापदण्ड तथा आवश्यकताबारे विस्तृत जानकारी प्रदान गर्नुका साथै सहभागीहरूसँग छलफल गरिएको थियो। विशेषगरी वि.सं. २०७६ पछि नियुक्त भएका कर्मचारीहरूको निवृत्तभरणसम्बन्धी देखिएको भ्रम तथा प्रचलित कानूनी प्रावधानबारे गहन छलफल र विश्लेषण गरिएको कोषले जनाएको छ।



## सेवाकेन्द्र धनकुटामा Knowledge Sharing कार्यक्रम सम्पन्न

कर्मचारी सञ्चय कोष, सेवा केन्द्र धनकुटाका कार्यालय प्रमुख झलक राज शर्मा (पौडेल) को संयोजकत्वमा मिति २०८२/१२/०७ गते कर्मचारी सञ्चय कोष, सञ्चय कोष रकम भुक्तानी विनियम (तेस्रो संसोधन) विनियम, २०८२ को कार्यान्वयन सम्बन्धमा Knowledge Sharing कार्यक्रम सम्पन्न गरिएको थियो ।






# सुरक्षित भविष्यको लागि सञ्चय कोष तथा निवृत्तभरण कोष

## आर्थिक वर्ष २०८१/८२ को वित्तीय अवस्था

**(१) सञ्चयकर्ता विवरण :**

| विवरण | योगदानकर्ता | योगदानकर्ता कार्यालय |
|---|---|---|
| सञ्चय कोष | ५ लाख ७८ हजार | ३३ हजार ३ सय |
| निवृत्तभरण कोष | ९६ हजार | ४ हजार २ सय |

**(२) आ.व. २०८१/८२ को वित्तीय अवस्था :**

| विवरण | सञ्चय कोष | निवृत्तभरण तथा उपदान कोष | जगेडा कोष | दायित्व तथा व्यवस्था | कूल स्रोत | कुल लगानी |
|---|---|---|---|---|---|---|
| रकम रु. अर्बमा | ५६३.१५ | १५.९७ | ३८.९९ | ६.०७ | ६२४.९७ | ५९९.५२ |

**(३) वित्तीय सुविधाहरु :**

**(क) सञ्चयकर्ता सापटी (आ व.२०८१/८२)**

| विवरण | विशेष सापटी | घर सापटी | शैक्षिक सापटी | घर मर्मत सापटी | सरल सापटी | जग्गा खरिद सापटी |
|---|---|---|---|---|---|---|
| सापटी सीमा | कोष रकमको ९५ प्रतिशतसम्म | रु.१.५ करोडसम्म | रु.५० लाखसम्म | रु.५० लाखसम्म | रु.१ करोडसम्म | रु. १ करोडसम्म |
| ब्याजदर | ५.७५ प्रतिशत | ७.०० प्रतिशत | ७.०० प्रतिशत | ७.०० प्रतिशत | ७.२५ प्रतिशत | ७.२५ प्रतिशत |

**(ख) ब्याजमा छुट :** धितोमा आधारित कर्जाको ब्याज त्रैमासिक रुपमा भुक्तानी गरी नियमित गर्ने सञ्चयकर्ताको सम्बन्धित त्रैमासमा ०.२५ प्रतिशत विन्दुले ब्याजदरमा छुट दिने व्यवस्था गरिएको ।

**(ग) ब्याज तथा मुनाफा** : आ.व. २०८१/८२ मा कोष रकममा ब्याजदर ५.५० प्रतिशत
: आ.व. २०८२/८३ मा कोष रकममा ब्याज दर ४.२५ प्रतिशत
: मुनाफा १.०० प्रतिशत (२०८१/८२ को शुरु मौज्दातमा)

**(४) सामाजिक सुरक्षा सुविधाहरु :**

**(क) सञ्चयकर्ता स्वास्थ्य उपचार योजना :** सञ्चयकर्ता वा निजको पति वा पत्नीको उपचार खर्चमध्ये **साधारण रोग**तर्फ प्रत्येक आर्थिक वर्षमा अधिकतम रू.१ लाखसम्म र **घातक रोग**को उपचारको हकमा सेवाअवधि भरमा अधिकतम रु.१० लाखसम्म रकम शोधभर्ना गरिने ।

**(ख) सुत्केरी तथा शिशु स्याहार योजना :** प्रति प्रसूति रु.७,५०० (२ पटकका लागि),

**(ग) दुर्घटना क्षतिपूर्ति योजना :** सञ्चयकर्ता वा निजको हकवालालाई रु.२ लाखसम्म,

**(घ) काजकिरिया अनुदान योजना :** हकवालालाई रु.४० हजार ।

**(५) कोषका कार्यालयहरु :**

**उपत्यकास्थित :** पुल्चोक (केन्द्रीय कार्यालय), ठमेल, लगनखेल र सिंहदरबार ।

**उपत्यकाबाहिर :** विराटनगर, जनकपुर, हेटौडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत, धनगढी र धनकुटा र बिर्तामोड ।

**सम्पादन तथा प्रकाशन : योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभाग**

**कर्मचारी सञ्चय कोष**
पुल्चोक, ललितपुर
फोन नं. : ५०१०१६५, ५०१०१६६